# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क २

(२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)


## सुदूरपश्चिम प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीद्वारा यस प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रुपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ।

मानव अधिकारको चित्रण गरिएको यस प्रकाशनबाट सरोकारवालाहरु मानव अधिकारको अवस्थाका बारेमा जानकार रहने आशा गरिएको छ। सन् २०२४ अप्रिलदेखि जुनसम्मको अवधिमा यस प्रदेशका इन्सेक जिल्ला प्रतिनिधिहरुले प्रत्यक्ष अनुगमनबाट प्राप्त गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका प्रतिनिधिमूलक घटनाहरुलाई यस प्रकाशनमा समावेश गरिएको छ।

बिगत झैँ यस वर्षका तीन महिनाको अवधिमा पनि यस प्रदेशको मानव अधिकारको अवस्थामा सुधार आउन सकेन्। यस अवधिमा पनि मानव अधिकार उल्लङ्न र ज्यादीका घटनाहरु भए। अपराधका घटनाहरुमा कमी आउन सकेन।

यस अवधिमा (सन् २०२४ अप्रिलदेखि जुनसम्म) राज्यपक्षबाट एक जना पुरुष र अन्यपक्षबाट २ सय ८२ जना महिला सहित २ सय ९५ जना पीडित भए। यस अवधिमा प्रहरी हिरासतमा एक जनाको मृत्यु भयो। यस अवधिमा अन्यपक्षबाट तीन जना महिला सहित सात जनाको हत्या भएको छ भने कुटपिटबाट दुई जना महिला सहित सात जना घाइते भएका छन्। यस अवधिमा गैरराज्य पक्षबाट २ सय ६५ जना महिलाको अधिकार हनन् गरिएको पाइयो। जसमध्ये घरेलु हिंसाबाट २ सय ४२ जना, बलात्कारबाट १६ जना र वहुविवाहबाट सात जना गरी २ सय ६५ जना पीडित भए। बाल अधिकार र महिला अधिकार हनन्का घटना यस अवधिमा पनि रोकिएन्। अन्य पक्षबाट १२ जना बालिकाहरु पीडित भएको पाइयो। जसमध्ये बलात्कारबाट १२ जना, यौन दुर्व्यवहारबाट २ जना गरी १४ जना पीडित भए। जातीय छुवाछुतबाट एक जना पुरुष पीडित भए।

यस अवधिमा भएका घटनाहरुको विश्लेषण गर्दा राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका न्युन घटना भएको पाइयो भने अन्यपक्षबाट बढी मानव अधिकार ज्यादतीका घटनाहरु भएको पाइयो। यसले कानुनी शासनमाथि प्रश्न गरेको प्रष्ट हुन्छ।

नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा तुलनात्मक रूपमा सुधार भएको पाइए पनि आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको अवस्थामा यस अवधिमा पनि प्रगति भएको देखिएन्। निःशुल्क तथा अनिवार्य शिक्षाको सुनश्चितता सविंधानमा गरिएको

भए पनि व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेको अवस्था छ । विभिन्न बहानामा विद्यालयमा शुल्कहरु लिने गरिएका गुनासाहरु प्रसस्त आउने गरेका छन् । सामुदायिक शिक्षाको गुणस्तर दिनप्रतिदिन घट्दो अवस्थामा छ । मुक्त कमैया, मुक्त हलियाहरुको पुनर्स्थापना हुन नसकेको अवस्था छ। विस्तृत शान्ति सम्झौता भएको झण्डै १८ वर्ष बितिसक्दा पनि सक्रमणकालिन न्यायका सवालहरु सम्बोधन नगरिदा न्याय पाउनबाट वञ्चित हुन परेको द्वन्द्वपीडितहरुको गुनासो छ। अपाङ्गता भएका व्यक्ति, दलित समुदाय, अल्पसङ्ख्यक समुदाय, तेस्रो लिङ्गिहरुले अधिकार पाउन नसकेको गुनासो छ। निर्माण गरिएका अधिकांश भौतिक संरचनाहरु अपाङ्गमैत्री छैनन् । प्रदेश सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट समावेशी नभएको भन्दै आन्दोलनहरु भइरहेका छन्। मुलुक भित्रै रोजगारी सृजना हुन नसक्दा सुदूरपश्चिम प्रदेशका युवाजनशक्ती भारत तथा खाडीमूलुकहरुमा पलायन हुने क्रम राकिएको छैन्।

नेपालले हस्ताक्षर गरेका मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरू र नेपालको संविधानमा उल्लेखित मैलिक अधिकारको प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ । नागरिकहरूका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई सुनिश्चित गर्न राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको पूर्ण कार्यान्वयन गरी नागरिकका हक–अधिकारहरू सुनिश्चित गर्न आवश्यक छ।

अन्त्यमा, मानव अधिकार संरक्षण तथा प्रवर्धनमा सबै पक्षको भूमिका महत्वपूर्ण हुन्छ। बिगत झैँ हामीले सङ्कलन गरेका सूचनाहरूलाई प्रकाशन गर्ने कामको निरन्तरता स्वरूप यस तीन पहिनाको मानव अधिकार अवस्था समेटेर स्थति सूचक प्रकाशन गरेका छौँ । यहाँहरूबाट अमुल्य सुझाव, सल्लाह र सहयोग इन्सेकलाई प्राप्त हुने नै छ भन्ने विश्वास सहित।

**खडकराज जोशी**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(अप्रिल–जुन २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | २ | ५ | ७ | ७ |
| हिरासतमा मृत्यु | | १ | १ | | | | १ |
| बाल अधिकार | | | | १२ | २ | १४ | १४ |
| जातीय विभेद | | | | | १ | १ | १ |
| हत्या | | | | ३ | ४ | ७ | ७ |
| महिला अधिकार | | | | २६५ | | २६५ | २६५ |
| जम्मा | | १ | १ | २८२ | १२ | २९४ | २९५ |

# सुदूरपश्चिम प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**अन्यपक्षबाट**

**दार्चुला**

मालिकार्जुन गाउँपालिका-५ निवासी वडा नम्बर ५ का वडा सचिव ४६ वर्षीय गंगाराम लुहारलाई २०८० चैत १६ गते भीरबाट लडाएर हत्या गरेको भन्दै भन्दै मालिकार्जुन गाउँपालिका-५ का ३२ वर्षीय किशोर पाल, ४२ वर्षीय श्यामबहादुर पाल र ३० वर्षीय केशब बहादुर पाल विरुद्ध पीडित पक्षले चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। पीडित पक्षले दिएको किटानी जाहेरीपछि प्रहरीले आरोपितहरुलाई चैत २९ गते घरबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर ज्ञानेन्द्रबहादुर सिंहले बताए। शवको पोष्टमार्टम चैत १७ गते जिल्ला अस्पताल गरी सोही दिन आफन्तले दाहसस्कार गरेका थिए। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध बैशाख १८ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश धुव्रकुमार ढकालको ०८१ वैशाख १८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो। मालिकार्जुन गाउँपालिकामा काम गरेर घर फर्किने क्रममा उनको हत्या गरेको पीडित पक्षको आरोप छ।

**कैलाली**

घोडाघोडी नगरपालिका-२ साडेपानीका २३ वर्षीय सुनिल शाहीको ०८१ वैशाख २६ गते घोडाघोडी नगरपालिका-४ भालुफाँटा स्थित नयाँबाटो पुनर्स्थापना सुधार केन्द्रबाट भाग्न खोजेको भन्दै कुटपिट गरी हत्या गरेको आरोपमा घोडाघोडी नगरपालिका-१ का १९ वर्षीय वीपुल सापकोटा, १६ वर्षीय सुदर्शन अधिकारी, ३२ वर्षीय भुपेन्द्र खड्का, २४ वर्षीय नविन रावल, १८ वर्षीय आकाश अधिकारी, २२ वर्षीय सुमन भट्ट, १७ वर्षीय कृष्ण तिमल्सेना, २९ वर्षीय बलबहादुर खत्री, २५ वर्षीय रोशन ऐर, २७ वर्षीय विनोद शाही, २१ वर्षीय मिनेश मन्नी, २५ वर्षीय कमल रिजाल, १७ वर्षीय रोशन पनाडी, २४ वर्षीय गौरव आचार्य, २१ वर्षीय नवराज चौधरी, १८ वर्षीय मुकेश सुनार र ३६ वर्षीय होम तामाङ विरुद्ध पीडित पक्षले वैशाख २७ गते ईलाका प्रहरी कार्यालय, सुखडमा उजुरी दियो। प्रहरीले आरोपितहरुलई वैशाख २६ गते घोडाघोडी नगरपालिका-४ भालुफाँटा स्थित नयाँबाटो पुनर्स्थापनाा सुधार केन्द्रबाट गरिफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध जिल्ला अदालतमा कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको जेठ २९ गते बसेको इजलासले आरोपित होम तामाङलाई ५ लाख, बलबहादुर खत्रीलाई ७ लाख, रोशन ऐरलाई ७ लाख, दिनेश मन्नीलाई ३ लाख रुपियाँ धरौटीमारिहा गर्न, वीपुल सापकोटा, सुदर्शन अधिकारी, भुपेन्द्र खडका, नविन रावल, आकाश अधिकारी, सुमन भट्ट, कृष्ण तिमल्सेनालाई पुर्पक्षका लागि थुनामा पठाउन, आरोपित कमल रिजाल, गौरव आचार्य, नमराज चौधरी, विनोद शाहीले धरौटी रकम तिर्न नसकेपछि जिल्ला कारागार पठाउन र रोशन पनाडीलाई अभिभावकको जिम्मा लगाउन आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए। शवको पेष्टमार्टम वैशाख २७ गते सेती प्रांदेशिक अस्पताल, धनगढीमा गरी सोही दिन वैशाख २७ गते शवको सदगद गरिएको मृतकका बुवा धनराज शाहीले बताए।

**कञ्चनपुर**

बेलौरी नगरपालिका-६ विद्यानगर घर भई बेलौरी नगरपालिका-८ स्थित जनज्योति माध्यमिक विद्यालय,कलकत्ता का ६५ वर्षीय शिक्षक लच्छी चन्दलाई ०८१ जेठ २ गते मुख र टाउँकोमा ढुङ्गा प्रहार गरी हत्या गरेको भन्दै बैतडी जिल्ला दोगडाकेदार गाउँपालिका-४ घर भई बेलौरी नगरपालिका-६ स्थित विद्यानगरमा बस्दै आउनुभएका ३५ वर्षीय महेश भण्डारी विरुद्ध पीडित पक्षले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३ गते निजको घरबाट बाट गिरफ्तार गर्‍यो । मदिरा सेवन गरेर आएका आरोपित भण्डारीले जेठ २ गते सामान्य विवादमा शिक्षक चन्दको मुख र टाउँकोमा ढुङ्गा प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका

डिएसपी उमेश जोशीले बताए। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध वैशाख ६ गते जिल्ला अदालतमा कर्तव्यज्यानको मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेयको असार ४ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा जिल्ला अदालतमा बिचाराधिन अवस्थामा रहेको छ।

## प्रहरी हिरासतमा मृत्यु

### कैलाली

धनगढी उपमहानगरपालिका-८ गाउँ धनगढीका ३५ वर्षीय बुद्धिराम चौधरीको २०८१ जेठ ६ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा मृत्यु भयो। भन्सार छली गरेर समान ल्याएको आरोपमा जेठ ३ गते गिरफ्तारमा परेका चौधरी जेठ ६ गते एक्कासी बेहोस भएपछि उपचारका लागि सेती प्रांदेशिक अस्पताल, धनगढीमा लगिएको अवस्थामा जेठ ६ गते नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी कविन्द्रसिंह बोहराले बताए। शवको पोष्टमार्टम जेठ ६ गते सेती प्रांदेशिक अस्पताल, धनगढीमा गरी आफन्तलाई शवको जिम्मा लागाइएको थियो। शवको सदगत जेठ ७ गते गरेको मृतका भाई रामप्रसाद चौधरीले बताए। के कति कारणले मृत्यु भएको भनेर प्रहरीले बताउन नचाहेको र सिसि टिभिको फोटो समेत स्पष्ट नहुने गरी देखाइएको र अस्पतालको पोष्टमार्टम रिपोर्टप्रति आफूहरुको चित्त नबुझेको मृतकका भाई रामप्रसाद चौधरीले बताए पनि पीडित पक्षले कहि कतै उजुरी दिएन्।

## बिस्फोटक पदार्थ विस्फोट हुँदा घाइते

### कञ्चनपुर

बेदकोट नगरपालिका-२ बसन्थलाका १६ वर्षीय रुपेश धामीलाई घरमा विष्फोटक पदार्थ बनाउने काममा लगाएको अवस्थामा विष्फोटक पदार्थ पडकिई घाइते बनाएको आरोपमा कैलाली जिल्लास्थित लम्की आर्दश नमूना माविका ४५ वर्षीय शिक्षक हरेन्द्र भण्डारी विरुद्ध पीडित पक्षले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बिस्फोटनमा परी घाइते भएका बालकको भारतको लखनौस्थित गायत्री अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले आरोपितलाई जेठ २८ गते घरबाट गिरफ्तार गऱ्यो। डिस्फोटक पदार्थको प्रकार जाँचका लागि प्रयोगशालामा पठाइएको र त्यसको प्रतिवेदन समेत प्राप्त नभएकोले जिल्ला सरकारी वकिल कार्यालयले आरोपितलाई असार १९ गते जिम्माजमानीमा तारिखमा रिहा गरेको जिल्ला प्रहरी कार्यालयका डीएसपी उमेश जोशीले बताए।

## धम्की

### अछाम

मंगलसैन नगरपालिका-१३ की २१ वर्षीया रमिला वोगटीलाई ०८० चैत महिनाभरी फेसबुक म्यासेन्जरबाट गालिगलौज तथा धम्की दिने गरेको आरोपमा मंगलसैन नगरपालिका-१३ का २३ वर्षीय कमल सोनी भन्ने कमल सुनार विरुद्ध पीडित पक्षले ०८१ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ १ गते घरबाटै गिरफ्तारी गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध वैशाख ३० गते साइबर कसूर अन्तर्गत जिल्ला अदालता मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश प्रकाश ढुङ्गानाको जेठ २४ गते बसेको इजलासले आरोपितलाई २ लाख रुपियाँ धरौटिमा रिहा गर्न आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी गुप्तीप्रसाद गौलीले बताए। मुद्दा जिल्ला अदालतमा बिचाराधीन छ।

## बाल अधिकार

### बलात्कार, यौनदुर्व्यवहार

### बाजुरा

१६ वर्षीया बालिकालाई २०८१ वैशाख १९ गते बलात्कार गरेको भन्दै जगन्नाथ गाउँपालिका-४ का २८ वर्षीय बिनोद विष्ट विरुद्ध पीडित पक्षले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २७ गते घरमा लुकी बसेको अवस्थामा गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २७ गते जिल्ला अस्पताल, बाजुरामा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध जेठ ७ गते जिल्ला अदातलमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लालकाजी श्रेष्ठको जेठ ११ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयकाका डिएसपी दिलिपकुमार गिरीले बताए।

१७ वर्षीया बालिकालाई २०८१ जेठ ११ गते बलात्कार गरेको भन्दै जगन्नाथ गाउँपालिका-३ का ३० वर्षीय मदन ढोली विरुद्ध पीडित पक्षले ०८१ जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ११ गते घरमा लुकी बसेको अवस्थामा गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ११ गते जिल्ला अस्पताल, बाजुरामा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध जेठ २७ गते जिल्ला अदातलमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका

न्यायाधीश लालकाजी श्रेष्ठको जेठ २९ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयका डिएपी दिलिपकुमार गिरीले बताए।

**बझाङ**

१४ वर्षीया बालिकालाई २०८० चैत २९ गते बलात्कार गरेको भन्दै खप्तडछान्ना गाउँपालिका-२ बयालपाटाका ४० वर्षीय देवराज जोशी विरुद्ध पीडित पक्षले २०८१ वैशाख १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई वैशाख २ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत वैशाख २ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। आरोपित फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी भरत शाहले बताए।


१३ वर्षीया बालिकालाई २०८१ वैशाख १६ गते बलात्कार गरेको भन्दै थलारा गाउँपालिका-४ ठिङका १४ वर्षीय बालक निकेश थापा विरुद्ध पीडित पक्षले २०८१ वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १८ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। आरोपित थापालाई प्रहरीले वैशाख १८ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत वैशाख १८ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश सुदर्शन लामिछानेको ०८१ जेठ १६ गते बसेको इजलासले अरोपितलाई बाल सुधार गृह पठाउने आदेश दिएको जिल्ला अदातलका नायबसुब्बा सुशील सुवर्णकारले बताए।

१३ वर्षीया बालिकालाई २०८१ जेठ २८ गते बलात्कार गरेको भन्दै जयपृथ्वी नगरपालिका-११ का २३ वर्षीय हरिचन्द्र धामी, २५ बर्षीय सुरज धामी र २२ बर्षीय शंकर धामी विरुद्ध पीडित पक्षले २०८१ जेठ ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जेठ ३२ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। आरोपितहरु फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी भरत शाहले बताए।

**दार्चुला**

१५ वर्षीया बालिकालाई ०८१ जेठ २४ गते बलात्कार गरेको भन्दै शैल्यशिखर नगरपालिका-९ का

## बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२४ अप्रिल-जुनसम्म)




२५ वर्षीय हरेन्द्र साउद विरुद्ध पीडित पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २५ गते गोकुलेश्वर अस्पतालमा भयो। पीडित बालिकालाई विवाह गर्छु भन्दै फकाएर दुई दिनसम्म होटलमा बन्धक बनाएर बलात्कार गरेको पीडित पक्षले बताए। प्रहरीले आरोपितलाई जेठ २६ गते कञ्चनपुर जिल्ला महेन्द्रनगर बसपार्कबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध असार १८ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश धुव्रकुमार ढकालको असार १८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको जिल्ला अदातलका सूचनाअ धिकारी गणेश विष्टले बताए।

**बैतडी**

१३ वर्षीया बालिकालाई ०८१ असार ४ गते यौन दुर्व्यवहार गरेको भन्दै पुर्चौडी नगरपालिका-३ तोलीगाउँका २५ वर्षीय मनद बोहराले विरुद्ध पीडित पक्षले असार २७ गते ईलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार २७ गते प्राथमिक स्वास्थ्य केन्द, पाटनमा भयो। प्रहरीले आरोपितलाई असार ३० गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध असार ३१ गते यौन दुर्व्यवहार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

१५ वर्षीया बालिकालाई ०८१ असार ६ र ७ गते

भारतको नयाँ दिल्लीमा बलात्कार गरेको भन्दै दशरथचन्द नगरपालिका-६ का १८ वर्षीय चेतन महर विरुद्ध पीडित पक्षले असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार १७ गते जिल्ला अस्पताल बैतडीमा भयो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

**कैलाली**

आठ वर्षीया बालिकालाई २०८० चैत २५ गते बलात्कार गरेको आरोपमा कैलारी गाउँपालिका-७ रामपुरका ११ वर्षीय बालक विरुद्ध पीडित पक्षले २०८० चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई चैत २६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध चैत २७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतकान्यायाधीश दण्डपाणी लामिछानेको असार ७ गते बसेको इजलासले आरोपितलाई कसूर ठहर गरी ६ महिना कैद, २५ हजार क्षतिपुर्ति र २ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

१५ वर्षीया बालिकालाई २०८१ जेठ ६ गते बलात्कार गरेको आरोपमा कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका-९ कलुवाफँटाका २१ वर्षीय दिलिप दमाई विरुद्ध पीडित पक्षले जेठ ७ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते सेती प्रांदेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई जेठ ७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध जेठ ८ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतकान्यायाधीश प्रदिपकुमार उपाध्यायको असार ४ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतकासूचना अधिकारी कमल घलेले बताए।

**कञ्चनपुर**

१७ वर्षीया मानसिक रुपमा सुस्त र अपाङ्गता भएकी बालिकालाई ०८१ वैशाख ५ गते ललाईफकाई बलात्कार गरेको भन्दै भिमदत्त नगरपालिका-५ का ५० वर्षीय हरिष चन्द विरुद्ध पीडित पक्षले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ६ गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई वैशाख ६ गते घरबाट बाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध वैशाख ३० गते जिल्ला अदालतमा जबरजस्तीकरणी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश चाणकमणी अर्यालको वैशाख ३१ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा बिचाराधिन अवस्थामा रहेको छ।

१२ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते सम्म नियमति रुपमा बलात्कार गरेको भन्दै बेलौरी नगरपालिका -५ भकुण्डाका ६१ वर्षीय रामज्ञान चौधरी विरुद्ध पीडित पक्षले जेठ ४ गते ईलाका प्रहरी कार्यालय, बेलौरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते महाकाली प्रादेशिक अस्पताल,महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई जेठ ४ गते घरबाट गिरफ्तार गऱ्यो । पीडित बालिकालाई विभिन्न प्रलोभन देखाई आरोपितले घरमा कोही नभएको अवस्थामा ०८० फागुन महिनादेखि पटकपटक बलात्कार गर्दै आएको जानकारी प्राप्त भएपछि आरोपित विरुद्ध जेठ ४ गते ईलाका प्रहरी कार्यालयमा उजुरी दिएको पीडित पक्षले बताए। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध जेठ २८ गते जिल्ला अदालतमा जबरजस्तीकरणी अन्तर्गत मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश चाणकमणी अर्यालको जेठ २९ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा जिल्ला अदातलमा बिचाराधिन अवस्थामा रहेको छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

**बाजुरा**

४२ वर्षीया महिलालाई २०८१ जेठ १४ गते बलत्कार गरेको भन्दै बडिमालिका नगरपालिका-५ का ५१ वर्षीय नन्दलाल साउदका विरुद्ध पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते जिल्ला अस्पताल, बाजुरामा भयो। आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिलिपकुमार गिरीले बताए।

**दार्चुला**

३६ वर्षीया महिलालाई २०८१ वैशाख २४ गते बलात्कार गरेको भन्दै नौगाड गाउँपालिका-६ का ४० वर्षीय विरुद्ध पीडित पक्षले वैशाख २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य

परीक्षण वैशाख २५ गते जिल्ला अस्पताल, दार्चुलामा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अरोपित ठगुन्ना विरुद्ध जेठ १७ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश धुव्रकुमार ढकालको जेठ १७ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको जिल्ला सरकारी वकिल कार्यालयका सूचना अधिकारी गणेशसिह विष्टले बताए।


**बैतडी**

३२ वर्षीया महिलालाई ०८० चैत ३० गतेसम्म पटक-पटक बलात्कार गरेको भन्दै मेलौली नगरपालिका-२ सलेनाका ३७ वर्षीय पंकज भट्ट विरुद्ध पीडित पक्षले ०८१ जेठ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जेठ ३१ गते जिल्ला अस्पतालमा भयो। आरोपित भट्ट फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

३० वर्षीया महिलालाई २०८१ असार २५ गते पाटन नगरपालिका-१० डुप्केका ७० वर्षीय नन्दसिंह कुँवरले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले असार २६ गते ईलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार २६ गते प्राथमिक स्वास्थ्य केन्द्र, पाटनमा भयो। प्रहरीले अरोपितलाई असार २६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत असार २७ गते जबरजस्तीकरणी उद्योगमा जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर खेमविक्रम केसीले बताए।

३० वर्षीय महिलालाई ०८१ असार १० गते बलात्कार प्रयास गरेको भन्दै दशरथचन्द नगरपालिका-३ पोखरीका ४६ वर्षीय प्रेमसिंह भण्डारीले विरुद्ध पीडित पक्षले असार ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार ११ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार १२ गते घर बाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध असार १३ गते जबरजस्तीकरणी उद्योमा जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश हर्कबहादुर क्षत्रीको असार २० गते बसेको इजलासले अरोपित भण्डारीलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२४ को अप्रिल-जुन)**




**डडेल्धुरा**

२५ वर्षीया महिलालाई २०८१ असार ७ गते बलात्कार गरेको आरोपमा भागेश्वर गाउँपालिका-४ का २० वर्षीय मनोज वड विरूद्ध पीडित पक्षले असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार ९ गते डडेल्धुरा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार ९ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अरोपित विरुद्ध असार १५ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश हर्कबहादुर क्षेत्रीको २०८१ साउन २ गते बसेको इजलासले आरोपितलाई १ लाख २५ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएकोमा आरोपितले धरौटी रकम बुझाउन नसकेपछि कारागार चलान गरिएको जिल्ला अदालतका तहसिलदार राजेन्द्र चन्दले बताए। मुद्दा जिल्ला अदातलमा बिचाराधिन छ।

२२ वर्षीया महिलालाई २०८१ जेठ २९ गते बलात्कार गरेको आरोपमा नवदुर्गा गाउँपालिका-४ का ३७ वर्षीय टेकबहादुर बोहरा विरूद्ध पीडित पक्षले असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असार १ गते डडेल्धुरा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई असार १ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अरोपित विरुद्ध असार ११ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला

अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश हर्कबहादुर क्षेत्रीको २०८१ असार २५ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला अदालतका तहसिलदार राजेन्द्र चन्दले बताए।

**अछाम**

३० वर्षीया महिलालाई ०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा कमलवजार नगरपालिका-६ वडाखेतका ३७ वर्षीय पति कमल खड्का विरुद्ध पीडितले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई वैशाख ३ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित वरुद्ध वैशाख ३ गते जबरजस्तीकरण अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश ढुङ्गानको वैशाख २८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठाउन आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी गुप्तीप्रसाद गौलीले बताए।

**कैलाली**

२६ वर्षीया महिलालाई २०८१ जेठ १० गते बलात्कार गरेको आरोपमा गोदावरी नगरपालिका-१० का २७ वर्षीय केशवबहादुर देउवा विरुद्ध पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ १० गते सेती प्रांदेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई जेठ १० गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध जेठ १२ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश दण्डपाणी लामिछानेको साउन ३ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी कमल घलेले बताए।

३१ वर्षीया महिलालाई २०८१ वैशाख १ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-१४ स्याउलेका २६ वर्षीय नरेश विष्ट विरुद्ध पीडित पक्षलेवैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई वैशाख २ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध वैशाख ३ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतकान्यायाधीश दण्डपाणी लामिछानेको वैशाख २८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतकासूचना अधिकारी कमल घलेले बताए।

**कञ्चनपुर**

२१ वर्षीया युवतीलाई ०८१ वैशाख ५ गतेसम्म नियमित रुपमा बलात्कार गरेको भन्दै भिमदत्त नगरपालिका-८ तिलाचौरका २६ वर्षीय गौरव कार्की विरुद्ध पीडित पक्षले वैशाख १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १५ गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई वैशाख १५ गते गिरफ्तार गऱ्यो । प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध जेठ ६ गते जिल्ला अदालतमा जबरजस्तीकरणी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश चाणकमणी अर्यालको जेठ ७ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा बिचाराधिन अवस्थामा रहेको छ।

२० वर्षीया महिलालाई ०८१ वैशाख १९ गतेसम्म वैवाहिक बलात्कार गरेको भन्दै भिमदत्त नगरपालिका-१ बाराकुण्डाका ३० वर्षीय पति धनजित विष्ट विरुद्ध पीडितले वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्।०८० कार्तिक महिनादेखि पटकपटक गालिगलौज तथा कुटपिट गरी शारीरिक यातना दिँदै इच्छा विपरीत बलात्कार गरेपछि आरोपितविरुद्ध वैशाख १९ गते उजुरी दिएको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख १९ गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई ०८१ वैशाख १९ निजको घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध जेठ ५ गते जिल्ला अदालतमा बैवाहिक बलात्कारको मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको जेठ १४ गते बसेको इजलासले आरोपितलाई ५ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। मुद्दा जिल्ला अदालतमा बिचाराधिन अवस्थामा रहेको छ।

२५ वर्षीया महिलालाई वैवाहिक बलात्कार गरेको भन्दै कृष्णपुर नगरपालिका-५ गुलरियाका का २६ वर्षीय पति रवि ओड विरुद्ध पीडितले चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण ०८० चैत २१ गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई ०८१ वैशाख २७ गते निजको घर बाट गिरफ्तार गऱ्यो। ०८० सालमा विवाह भएदेखि पटकपटक गालिगलौज तथा शारीरिक यातना दिँदै इच्छा विपरीत बलात्कार गरेपछि

आरोपित विरुद्ध चैत २० गते उजुरी दिएको पीडितले बताइन्। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध जेठ २८ गते जिल्ला अदालतमा बैवाहिक बलात्कारको मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको जेठ ३ गते बसेको इजलासले आरोपितलाई ५ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। मुद्दा जिल्ला अदातलमा विचाराधिन अवस्थामा रहेको छ।

३८ वर्षीया महिलालाई वैवाहिक बलात्कार गरेको आरोपमा बेदकोट नगरपालिका-१ चम्फापुरका ३९ वर्षीय पति गंगादत्त भट्ट विरुद्ध पीडितले जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण वैशाख २० गते महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा भयो। प्रहरीले आरोपितलाई जेठ १९ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित युवतीलाई आरोपितले पटकपटक गालिगलौज तथा कुटपिट गरी शारीरिक यातना दिँदै इच्छा विपरीत बलात्कार गरेपछि आरोपित विरुद्ध उजुरी दिएको पीडितले बताइन्। प्रहरीले सरकारी वकील कार्यालय मार्फत आरोपित विरुद्ध असार ११ गते जिल्ला अदालतमा वैवाहिक बलात्कार अन्तर्गत मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश लिलाराज अधिकारीको असार १२ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## परिवारजनबाट हत्या

### बैतडी

पाटन नगरपालिका-४ चिल्लेपानीकी ६० वर्षीया सुना ऐरीलाई ०८१ जेठ २९ गते हत्या गरेको भन्दै ६५ वर्षीय पति प्रतापसिंह ऐरीले विरुद्ध पीडित पक्षले जेठ ३१ गते ईलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो। प्रहरीले अरोपितलाई जेठ ३१ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध असार १४ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश हर्कबहादुर क्षेत्रीको असार १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो। अहिले आरोपितलाई हिरासतमा राखि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीका इन्सपेक्टर खेमविक्रम केसीले बताए। शवको पोष्टमार्टम ०८१ जेठ ३१ गते डडेल्धुरा अस्पतालमा गरी असार १ गते आफन्तले दाहासस्कार गरे।

### डडेल्धुरा

आलिताल गाउँपालिका-२ मटेलाकी ३८ वर्षीया डम्मरीदेवी देउवालाई २०८० वैशाख १८ गते ४२ वर्षीय पति कर्णबहादुर देउवाले टाउँकोमा कोदालो प्रहार गरी गम्भीर घाइते बनाए। कोदालो प्रहारबाट घाइेत भएकी डम्बरीको वैशाख १९ गते धनगढीस्थित मायामेट्रो अस्पतालमा मृत्यु भयो। शवको पोष्टमार्टम वैशाख १९ गते सेती प्रादेशिक अस्पतालमा भयो। शवको दाहासस्कार २०८० वैशाख १९ गते आफन्तले मटेला गरे। प्रहरीले आरोपितलाई वैशाख १८ गते घरबाटै गिरफ्तार गऱ्यो। हत्या गरेको आरोमामा आरोपित विरुद्ध पीडितका माइती पक्षले वैशाख २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दएकोमा प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध सोही दिन वैशाख २० गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश हर्कबहादुर क्षेत्रीको २०८१ जेठ ९ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला अदालतका तहसिलदार राजेन्द्र चन्दले बताए।

## सबैप्रकारका जातीय विभेद

### डडेल्धुरा

भागेश्वर गाउँपालिका-४ आर्कुडाका ५६ वर्षीय कल्याण कामीलाई ०८१ जेठ १९ गते जातीय विभेदजन्य गालीगलौज(डुम) गरेको आरोपमा सोही ठाउँ निवासी भागेश्वर गाउँपालिका योजना शाखाका सव ओभरसियर ४२ वर्षीय लालसिंह भाट विरुद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २२ गते घरबाटै गिरफ्तार गरी सोही दिन जेठ २२ गते सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध जाती विभिद अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश हर्कबहादुर क्षेत्रीको २०८१ असार ३१ गते बसेको इजलासले आरोपितलाई तीन महिना कैद र ३० हजार रुपियाँ जरिवानाको सजाय सुनाएको जिल्ला अदालतका तहसिलदार राजेन्द्र चन्दले बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**सुदूरपश्चिम प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : खड्कराज जोशी, **संयोजन/सम्पादन** : कृष्णबहादुर बि.क.,

**व्यवस्थापक** : राजकुमार चौधरी, हरिसिंह बि.क.

धनगढी उमनपा-५, उत्तरबेहडी, धनगढी, कैलाली, फोन : ०९१-५२२५७६/५२१४४६, फ्याक्स : ०९१-५२३२४४

**इमेल** : dhangadhi@insec.org.np, **Website** : www.inseconline.org